जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी
राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः १९० पृष्ठः ४ | २०८२ मंसिर ०२ मंगलबार (Tuesday 18 Nov. 2025) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

इमेल : mgnd2070@gmail.com

## गाउँ ब्लाक जग्गा फुकुवा कार्यान्वयनको माग गर्दै धर्नामा




**जीवछ यादव**

लहान, १ मंसिर। लहानस्थित मालपोत कार्यालयको मुख्य प्रवेशद्वारमा गाउँ ब्लक संघर्ष समिति लहानले गाउँ ब्लक जग्गा सहमति कार्यान्वयनको माग गर्दै धर्नामा बसेको छ । लहान नगरपालिामा झण्डै सात हजारको हाराहारीमा गाउँ ब्लक जग्गा फुकुवा कार्यान्वयन नहुँदा समस्यामा परेका स्थानीयहरु संघर्ष समिति गठन गरी आन्दोलन गर्दै आइरहेका छन्। जग्गा फुकुवा कार्यान्वयन प्रक्रिया अघि नबढ्दा बैंकबाट वित्तीय कारोबार जग्गा बिक्री वितरण लगायतका कार्यहरु ठप्प भएको लहान ९ का नेपाली साहले जानकारी दिनुभयो। उहाँले यस समस्यालाई समाधान गर्न लहान नगरपालिका ६का पूर्व वडाध्यक्ष अरुण केसीको संयोजकत्वमा संघर्ष समिति गठन गरेर संघर्ष गर्दै आइरहेको बताउनुभयो।

मालपोत कार्यालय लहानका प्रमुख डमरुप्रसाद निरौला नियमित कार्यालयमा नबस्ने संघर्ष समितिसँग विगतमा भएको सहमति अनुसार जग्गाअध्यावधि गर्न कर्मचारीको अभाव देखाएपछि लहान नगरपालिकाले कम्प्युटर र दुईजना कर्मचारी समेत व्यवस्थापन गरिदिए पनि आलटाल गरिरहेकको संघर्ष समितिका संयोजक अरुण केसीले बताउनुभयो। उहाँको अनुसार कात्तिक ३० गते धर्ना कार्यक्रम, मङ्सिर १ गते रिले अनसन र २ गतेदेखि आमरण अनसनमा बस्ने कार्यक्रम रहेको छ।

गाउँ ब्लक जग्गा फुकुवा

**-बाँकी दुई पेजमा**

## सर्भरमा समस्यापछि नागरिकता सेवा ठप्प

जनकपुर, १ मंसिर। 'सर्भर' ले काम गर्न छोडेपछि सर्लाहीमा सोमबार नयाँ र प्रतिलिपि नागरिकता जारी गर्ने सेवा ठप्प भएको छ। जिल्ला प्रशासन कार्यालय सर्लाहीका प्रमुख जिल्ला अधिकारी रामुराज कडरियाले केन्द्रबाटै सर्भरमा समस्या आएपछि जिल्लाभरि नागरिकता सम्बन्धी सेवा ठप्प भएको जानकारी दिए। उनका अनुसार सर्भरमा उत्पन्न प्राविधिक समस्या समाधानका लागि सम्बन्धित पक्षले हाल काम गरिरहेको छ। सर्भर बिग्रँदा जिल्ला प्रशासन कार्यालय तथा अन्य इलाका प्रशासन कार्यालयमा सेवा लिन पुगेका नागरिकहरू मारमा परेका छन्।

सर्भर समस्याका कारण सदरमुकाम मलंगवास्थित जिल्ला प्रशासन कार्यालयसँगै हरिवन र बरहथवा इलाका प्रशासन कार्यालयमा नागरिकतासम्बन्धी सेवा लिन आएका सेवाग्राही मारमा परेका छन्। जिल्ला प्रशासन कार्यालयले एक सूचना जारी गर्दै आज एक दिनका लागि सबै नागरिकता सम्बन्धी सेवा अवरुद्ध रहने जनाएको छ। प्रजिअ कडरियाका अनुसार टाढाबाट आएका सेवाग्राही अनावश्यक रूपमा कुरेर बस्नु नपरोस् भनेर सूचना मार्फत जानकारी गराइएको हो ।

## मधेशमा थपिए ८० हजार मतदाता

जनकपुरधाम, १ मंसिर। आउँदो २१ फागुन हुने प्रतिनिधिसभा चुनावका लागि मधेश प्रदेशमा ८० हजारभन्दा बढी नयाँ मतदाता थपिएका छन्। मधेश प्रदेश निर्वाचन कार्यालयको तथ्यांकअनुसार प्रदेशका आठ जिल्लामा ८० हजार बढी नयाँ मतदाताले नामावाली दर्ता गराएका छन्। मधेश प्रदेश निर्वाचन कार्यालयका अनुसार कात्तिक मसान्तसम्म ७९ हजार ३ सय ९१ जना नयाँ मतदाता दर्ता भएका थिए।

त्यसमध्ये जनकपुरधामस्थित मधेश प्रदेश निर्वाचन कार्यालयमार्फत १२ हजार ३६ जना मतदाता थपिएका छन्। निर्वाचन आयोगले मतदाता परिचयपत्र बनाउन थप पाँच दिन समय दिएको छ। आउँदो ५ मंसिरसम्म नयाँ मतदाताले नामावाली दर्ता गर्न सक्नेछन्।

राष्ट्रिय परिचयपत्रको बायोमेट्रिक विवरणलाई मतदाता परिचयपत्रसँग जोड्न मिल्ने व्यवस्था पनि गरिएको छ।

## असुरक्षा बढेको भन्दै सिरहाका उद्योगी-व्यवसायी चिन्तित




सिरहा, १ मंसिर। बारम्बार हुने आन्दोलन, कमजोर बजार अवस्था र प्रशासनिक झन्झटका कारण सिरहाका उद्योगी-व्यवसायी चिन्तित बनेका छन्। जिल्ला उद्योग वाणिज्य संघ सिरहा, लहानले आज यहाँ आयोजना गरेको स्वागत, सम्मान तथा अन्तरक्रिया कार्यक्रममा उद्योगी-व्यवसायीहरूले समस्या समाधानका लागि सरोकार भएकाहरूको ध्यानाकर्षण गराएका हुन्। प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलसहित चारै सुरक्षा निकायका प्रमुखहरूको उपस्थितिमा भएको कार्यक्रममा संघका अध्यक्ष विकास सारडाले निजी क्षेत्रको मनोबल उठाउने वातावरण निर्माण गर्न राज्य गम्भीर हुनुपर्नेमा जोड दिए। "कोभिड-१९ महामारी, आर्थिक मन्दी, 'जेनजी' प्रदर्शन र वर्षालगायत विपत्तिले पुऱ्याएको

**-बाँकी तीन पेजमा**




**GUPTA BROTHER'S AUTO TRADE**
Mirchaiya, 033-550744 | 9801552812

**अपाङ्गता भएका व्यक्तिलाई समान अवसर र सम्मान दिऔं।**

**अपाङ्गता भएका व्यक्तिलाईः**

- शिक्षा, रोजगारीलगायतमा समान अवसर सुनिश्चित गरौं,
- सार्वजनिक भवन, कार्यालय र सडकहरू पहुँचयोग्य बनाऔं,
- अपाङ्गमैत्री शब्द प्रयोग गरौं,
- अपाङ्गता भएका व्यक्तिलाई सम्मान र सहयोग गरौं,
- उनीहरुलाई दया होइन अधिकार दिऔं,
- नीतिगत निर्णयहरुमा सहभागी गराऔं,

**अपाङ्गता दिवस, २०८२ भव्यरुपमा मनाऔं, समान अधिकार र अवसर प्रदान गरी समावेशी नेपालको परिचय दिऔं ।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## सम्पादकीय

### बन्दै गरेको चुनावी वातावरण नबिथोलियोस् !

आउँदो फागुन २१ गते प्रतिनिधि सभाको निर्वाचन हुन्छ कि हुँदैन भन्ने अन्योल बाक्लो नै रहेकै बेला निर्वाचन आयोगले निर्वाचन कार्यतालिका प्रकाशित गरेको छ। राजनीतिक दलका नेता वा केही जेन–जीका प्रतिनिधि हौँ भन्नेहरूले चुनाव हुनसक्दैन भनिरहेकै बेला निर्वाचन हुने सम्भावना बलियो हुँदैगएको सन्देश प्रवाह गरेको देखिन्छ। कार्यतालिकाअनुसार प्रतिनिधि सभा निर्वाचनका लागि उमेदवारको मनोनयन दर्ता माघ ६ गते हुने र माघ ७ गते दाबी विरोधको छानबिन सकेर अन्तिम नामावली प्रकाशित गरिनेछ। माघ ९ गते नाम फिर्ता लिने समय सकिएपछि अन्तिम नामावली प्रकाशन गरी निर्वाचन चिन्ह वितरण गरिने कार्यक्रम रहेको छ।

यसैगरी समानुपातिक निर्वाचनका लागि दलहरूले मंसिर २१ देखि २३ सम्म निवेदन दर्ता गर्ने र पुस १४ सम्ममा उमेदवारको नामावलीको बन्द सूची आयोगमा प्रस्तुत गर्नुपर्नेछ। तालिकाअनुसार प्रतिनिधि सभाको समानुपातिक निर्वाचनका लागि बन्द सूचीमा रहेका उमेदवारहरूको नाम माघ २० गते निर्वाचन आयोगले प्रकाशित गर्नेछ। मतदान फागुन २१ गते देशभर एकै चरणमा हुनेछ। निर्वाचन आयोगले प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि प्रस्ताव गरेको निर्वाचन आचारसंहितामा उम्मेदवारले मनोनयन पत्रसँगै आफूले चुनावमा गर्ने अनुमानित खर्च र त्यसको स्रोतसमेत खुलाउनुपर्ने व्यवस्था पनि रहेको छ। निर्वाचन खर्चको स्रोत खुलाउनुपर्ने व्यवस्था सहीरूपमा कार्यान्वयन भएमा त्यो निर्वाचनको स्वच्छतातर्फ गुणात्मक फड्को सिद्ध हुनसक्छ।

यसैबीच प्रतिनिधि सभा निर्वाचनलाई लक्षित गरेरर राजनीतिक दल दर्तामा निकै उत्साह देखिनुले पनि चुनावी वातावरण बन्दै गएको देखिएको छ। प्रधानमन्त्री सुशीला कार्कीले पनि समाजका विभिन्न समूहसँग निर्वाचन लक्षित संवाद गरिरहेकी छन्। अर्थात्, सबै गतिविधिबाट फागुन २१ गते प्रतिनिधि सभा निर्वाचन हुने स्पष्ट सन्देश प्रवाह भएको छ। हुन पनि नेपालको लोकतन्त्र र जननिर्वाचित संविधान सभाले बनाएको नेपालको संविधान,२०७२ जोगाउने भरपर्दो विकल्प प्रतानिधि सभाको घोषित निर्वाचन समयमै सम्पन्न गर्नु नै हो। निर्वाचनप्रति सन्देह प्रकट वा त्यसको विरोध गर्दा चुनावमात्र नहुने होइन लामो समयसम्म नेपालको लोकतन्त्रकै बाटो थुनिन सक्छ।

तै पनि नेकपा (एमाले)का केही नेताहरूका सँगसँगै आफूलाई भदौ २३ को आन्दोलनको नायक ठान्नेहरू प्रतिनिधि सभाको निर्वाचनको विरोध गरिरहेका छन्। एमाले नेताहरूले सरकारको वैधतामा दिएको चुनौतीका सम्बन्धमा सर्वोच्च अदालतले पक्कै समयैमा निर्णय दिने नै छ। शान्ति सुरक्षाका विषयमा उठाएका प्रश्नमा भने सरकारले आफ्नो कामबाटै उत्तर दिनुपर्छ। सरकार निकटसमेत देखिएका जेन(जीका अगुवा हौँ भन्नेहरूको अभिव्यक्ति भने गैरजिम्मेवार र अलोकतान्त्रिक ध्वनित हुन्छ। अहिले यस सरकारलाई प्राप्त कार्यादेशअनुसार हुने निर्वाचन नेपालको संविधानअन्तर्गतको प्रतिनिधि सभाको नै हो। साथै, प्रचलित कानुनले निषेध गरेकोबाहेक अरू अवस्थामा कसैले पनि कुनै दल वा व्यक्तिलाई निर्वाचनमा भाग लिनबाट रोक्न सक्तैन।

यसैले सरकारले शान्ति सुरक्षाको भरपर्दो प्रत्याभूति दिनुपर्छ भने निषेधका पक्षधरहरूसँगको सम्बन्ध र संलग्नता पनि स्पष्ट देखिनेगरी त्याग्नुपर्छ। अनिमात्र निर्वाचन स्वच्छ, निष्पक्ष र स्वतन्त्र हुनसक्छ। स्वतन्त्र र निष्पक्ष ठहरिन सकेमात्र निर्वाचनले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वैधता हासिल गर्छ। निर्वाचनको वैधता कायम राख्न सरकार विशेष सजग र थप इमानदार हुनुपर्छ। संविधान संशोधनलगायतका कुनै एजेन्डा भए तिनले फागुन २१ को निर्वाचनमा भाग लिएर जनादेश प्राप्त गर्नुपर्छ। सडकबाटै संविधान फेर्न थाल्ने हो भने त्यो क्रम कहिल्यै रोकिनेछैन। भदौ २३को नरसंहार २४ को विध्वंस दोहोरिइरहनेछ। यसैले आआफ्ना स्वार्थ र अहं त्यागेर इमानसाथ प्रतिनिधि सभाको निर्वाचनमा सहयोग गर्नुमात्र अहिले उपयुक्त विकल्प देखिन्छ।

## प्रधानमन्त्रीलाई पत्र–सही रणनीति कहिलेकाहीँ आवाजभन्दा धेरै शक्तिशाली हुन्छ



राजेन्द्र बजगाई

यस पत्रमार्फत् म सम्माननीय प्रधानमन्त्रीसँगै माननीय मन्त्री र गभर्नर महाशयहरूसँग गर्छु नेपालको अर्थतन्त्र तथा पुँजी बजार सुदृढीकरणका लागि आवश्यकीय नीति सुधार तथा स्टारलिङ्कका लागि मार्ग खुला गरिदिन विनम्रतापूर्वक निवेदन गर्छु। सबै माग ढोका ढकढक्याएर, चर्को आवाज निकालेर वा पत्र दिएर राख्नुपर्छ भन्ने हुँदैन। इतिहासले देखाएको छ सही रणनीति कहिलेकाहीँ आवाजभन्दा धेरै शक्तिशाली हुन्छ। नेपालका राजनीतिक दलका नेताहरूले प्रायः जनताको वास्तविक आवश्यकतामा ध्यान दिन सकेनन्। भ्रष्टाचारमात्र गरिरहे अझ भनौं भ्रष्टाचारको रेकर्ड नै तोडे विकासलाई प्राथमिकता दिनुको सट्टा, कतिपय बेला भ्रम र असंयमले देशलाई पछाडि धकेलेको छ।

सरकारले सुनेन भने के गर्ने ? सन् १९९८ को आर्थिक संकटको समयमा र पछि २००८ को विश्वव्यापी वित्तीय सङ्कटमा एमडी हेलिकोप्टर्स कम्पनी गम्भीर समस्यामा परिरहेको थियो। त्यसबेला कम्पनीकी मालिक तथा अमेरिकाकी प्रसिद्ध व्यवसायी श्रीमती लिन टिल्टनले सरकारलाई व्यवसायी र उद्यमीहरूको आवाज सुन्न बारम्बार आग्रह गरिन्। तर सरकारी अधिकारीहरूले उनको आवाजलाई बेवास्ता गरे। अन्ततः उनले साहसिलो कदम उठाइन्। उनले न्यु योर्क टाइम्स र वासिङ्टन पोस्टका व्यावसायिक पृष्ठहरूको पूर्ण फ्रन्ट पेज विज्ञापन किनेर त्यसैमा राष्ट्रपतिलाई खुला पत्र प्रकाशित गरिन्। उनको एउटै रणनीतिक कदमबाट व्यक्तिगत भेटघाटले सम्भव नभएको सरकारले सुन्न नचाहेको कटु सत्यलाई सिधै राष्ट्रपतिको टेबलमा पुऱ्याइन्।

यसले एउटा कुरा स्पष्ट गर्छ – चर्को आवाजले होइन 'अहिले होइन भने कहिले?' र 'यहाँ होइन भने कहाँ ?' भन्ने सोचले छानिएको सही प्लेटफर्म, सही समय र सही सन्देशले असली प्रभाव सिर्जना गर्दोरहेछ। नेपाल आज महत्वपूर्ण आर्थिक मोडमा उभिएको छ। देशले यस सरकारलाई परिवर्तनको म्यान्डेट दिएको छ,र त्यो म्यान्डेटले आर्थिक संरचना परिवर्तन गर्ने पनि नैतिक तथा राजनीतिक जिम्मेवारी साथैमा ल्याएको छ। म यो पत्र बहिर्गमित सरकारको एउटा दुर्भाग्यपूर्ण कदमलाई कोट्याएर आरम्भ गर्छु। केपी ओली सरकारको समयमा मैले प्रधानमन्त्री र स्पेसएक्स (क्उबअभह) का अध्यक्ष ग्विन सटवेलबीच सम्पर्क सुलभ गराउने कार्य गरेँ र एलन मस्कको कार्यालयसँग नेपालमा स्टारलिंक ल्याउने विषयमा छलफलको अनुरोध गरेँ। एलन मस्कसँग प्रधानमन्त्री ओलीले कन्फ्रेन्स कल (फोन) गरे। तर, पछि ओली सरकारले मलाई छलेर सम्पर्क गोप्य राख्यो र स्टारलिंकलाई "सैनिक उपकरण" भन्दै गणतन्त्र चीनले मान्दैन भनेर गलत ढंगले प्रस्तुत भयो। आफ्नै सार्वभौमिकताको पनि हेक्का राखेन।

धेरैले थाहा पाएका छैनन् ओली सरकारले सामाजिक मिडियामा पनि प्रतिबन्ध लगाउने प्रयास गऱ्यो, फेसबुकलाई दबाब दिने र केही सल्लाहकारमार्फत परिबन्दमा पारेर मेटा संचालन साझेदारी एजेन्सी नियन्त्रण गर्ने योजना बनाएको थियो। आज अन्य सार्क राष्ट्रहरूले स्टारलिंक अपनाइहेका बेला नेपालले अब ढिला गर्न हुँदैन। यसले दूरदराजका क्षेत्र, शिक्षा र स्वास्थ्य सेवामा ठूलो फाइदा पुऱ्याउनेछ। यस परिप्रेक्ष्यमा भरोसायोग्य प्रधानमन्त्री सुशीला कार्कीको सरकारले ओलीकालका गल्ती सच्याउनु पर्छ। नेपाललाई पारदर्शिता, नवप्रवर्तन र भविष्यमुखी निर्णयहरू आवश्यक छन् जसबाट विश्वसँग कदम मिलाउन सकियोस्।

राजनीतिक अशान्तिका समयमा तोडफोड, आगजनी वा विनाशमा परेका देशभरका हजारौं निजी उद्यमहरू पुनः उठ्ने प्रयासमा अहिलेसम्म संघर्षरत छन्। ती उद्यमहरूलाई पुनर्निर्माण र पुँजी पुनःआर्जन गर्ने समान, नियोजित र न्यायोचित अवसर प्रदान गर्नु आजको आवश्यकता हो। अब म पुँजी बजारमा यहाँहरूको ध्यान आकृष्ट गर्न चाहन्छु। नेपालमा सेयर बजार 'स्याचुरेट' हुँदा र बैंकहरूको सञ्चितिले अर्थतन्त्रलाई चलायमान बनाउन नसक्दा बैंकहरूले नयाँ ऋण प्रवाह गर्न सक्दैनन्। ब्रान्ड भ्यालुका आधारमा ऋण दिन सक्दैनन्, 'तीन पुस्ताको धितो' फुकुवा गरेजस्तो देखाए पनि अन्त्यमा फेरि स्थिर सम्पत्ति नै उच्च ब्याजदरमा धरौटी मागिन्छ। यस्तो अवस्थामाः पुँजी बजारलाई सक्रिय बनाउन बैंकहरूले सेयर बजारमा लगानीयोग्य कोष (ग्यिबत ागलम) परिचालन गर्न सक्षम हुनुपर्छ। अमेरिकासँग तुलना गर्दा त्यहाँ 'प्रोजेक्ट फाइनान्सिङ' निकै सरल छ। व्यवसायले आफ्नै पारिवारिक घर जग्गा धितो राख्नुपर्दैन। बुबाआमाको छतको घर धितो राखेर ऋण लिने प्रचलन छैन। तर नेपालमा व्यवसाय असफल भयो भने निर्दोष परिवारका सदस्यहरू— बुबाआमा, छोराछोरी सबैको घर, खाना, स्वास्थ्य र शिक्षासम्म जोखिममा पर्छ। यही विभत्सता आज नेपाली परिवारले भोलिरहेका छन्। किनभने यहाँ ऋणको दायित्व तीन पुस्तासम्म फैलिन्छ। पश्चिममा भने यस्तो हुँदैन। त्यहाँ व्यवसायलाई जोगाउने विभिन्न प्रकारका दायित्व सुरक्षण बिमा (liability protection insurance) हुन्छन्। त्यहाँ वस्तु, विनिमय र बजारका विविध वित्तीय उपकरणहरूले पुँजी बजारलाई मजबुत बनाउँछ। नेपालले पनि अब यो सत्य स्वीकारेर नीतिहरू परिमार्जन गर्दै आधुनिक र दृढ पुँजी बजार विकास गर्नुपर्छ।

यसका लागि नेपाल सरकार र नेपाल राष्ट्र बैंकले पुँजी बजारलाई बैंकिङ स्रोतहरू उपयोग गर्न दिने अग्रगामी तथा आधुनिक वित्तीय नीति अविलम्ब अपनाउन आवश्यक छ। स्पष्ट विनियमनअन्तर्गत बैंकहरूलाई सेयर बजार तथा पुँजी निर्माणमा जाने ऋण उपलब्ध गराउने अनुमति दिनुपर्छ। यस्तो नीतिले निजी क्षेत्रलाई पुनर्जीवित गर्नेछ र उद्यमशीलता प्रवर्द्धन गर्नेछ। फलस्वरूप, राष्ट्रिय उत्पादकत्वमा प्रत्यक्ष योगदान पुऱ्याउनेछ। यो तरलता बढाउने विषयमात्र होइन।

यस सरकारको प्रतिबद्धता देशमा नयाँ युग सुरु गर्ने हो। त्यो युग बलियो आर्थिक सुधार, आधुनिक पुँजी बजार नीति र निजी क्षेत्रको पुनरुत्थानलाई प्रोत्साहन गर्ने वातावरणबाट सुरु हुन्छ। नेपालको दीर्घकालीन आर्थिक स्थिरता र विकासका लागि यी सुधारहरू अत्यन्त आवश्यक भएकाले यस विषयमा तपाईँहरूको तत्काल ध्यान र निर्णायक कदमका लागि हार्दिक अनुरोध गर्छु। देशमा अहिले राजनीतिकर्मी छन् 'नेता' छैनन्। देशलाई राष्ट्र बनाउन सकिएको छैन। मौका मिले देशका प्राथमिकता विस्तार गरौला। (पूर्व सांसद एवं पर्यटन उद्यमी) बाह्रखरीबाट

## बिहारको बुलन्द नतिजाले मधेशमा थप्यो दबाब : जसपा सचिव साह

धीरेन्द्रप्रसाद साह

राजविराज, १ मंसिर। जनता समाजवादी पार्टी नेपालका केन्द्रीय सचिव तथा मधेश प्रदेशका पूर्वअर्थमन्त्री शैलेन्द्रप्रसाद साहले भारतको बिहार प्रदेशमा सम्पन्न विधानसभा चुनाव २०२५ को नतिजाले प्रत्यक्ष–अप्रत्यक्ष असर नेपालको तराई–मधेश क्षेत्रमा पनि गहिरो रूपमा देखिने सम्भावना रहेको बताउनुभएको छ। भौगोलिक नजिकपन, सांस्कृतिक समानता, भाषिक एकरूपता र दैनिक सामाजिक अन्तरक्रियाका कारण बिहार र मधेशबिचको सम्बन्ध सामान्य छिमेकी सम्बन्धभन्दा धेरै गहिरो रहेको उहाँले बताउनु भएको छ। उहाँले सोमबार आफ्नो धारणा सार्वजनिक गर्दै बिहारको राजनीतिको परिवर्तनले मधेशी समाजमा मनोवैज्ञानिक, सामाजिक र राजनीतिक तीनै तहमा प्रभाव पार्ने उल्लेख गर्दै साहले बिहारको ताजा नतिजाले मधेशका मतदाताको राजनीतिक सोच, एजेन्डा छनोट र नेतृत्व मूल्यांकनमा प्रत्यक्ष असर पार्ने विश्लेषण गर्नुभएको छ। ताजा निर्वाचनमा भारतीय जनता पार्टी ( बीजेपी) ले ८९ र जनता दल ( युनाइटेड) ले ८५ सीट जितेर एनडीए गठबन्धनले कुल २०२ सीटसहित बुलन्द बहुमत प्राप्त गरेको छ।

यसैबिच राष्ट्रिय जनता दल २५ र काग्रेस छ सिटमै सीमित भएपछि तेजस्वी यादव नेतृत्वको आरजेडीको प्रभाव उल्लेख्य रूपमा घटेको देखिन्छ, जसले बिहारको सामाजिक–राजनीतिक समीकरण नै परिवर्तन भइरहेको संकेत गरेको उहाँले बताउनुभयो। साहका अनुसार बिहारमा उठेका मुद्दाहरू जस्तै, विकास, रोजगारी, आरक्षण, शिक्षा र सुशासन—अब नेपाल मधेशमा पनि राजनीतिक प्राथमिकताका रूपमा प्रतिध्वनित हुन्छन्। बिहारी बहस, प्रचारशैली र नेतृत्व प्रस्तुतिले मधेशका मतदातालाई पनि मुद्दामुखीतर्फ प्रेरित गर्ने र सीमापार लोकप्रिय नेताहरूले मधेशका युवामा नेतृत्व–तुलनाको मनोविज्ञान उत्पन्न गर्ने उहाँले धारणा व्यक्त गर्नु भएको छ।

पूर्वमन्त्री साहले बिहारको यो नतिजाले मधेश–केन्द्रित दलहरूलाई स्पष्ट राजनीतिक सन्देश दिएको जनाउँदै, विखण्डन होइन सहकार्य नै भावी राजनीति सञ्चालनको मुख्य आधार बन्नुपर्ने बताउनु भएको छ। बिहारमा कुनै पनि दल एक्लै बहुमतसम्म नपुगेका कारण गठबन्धनकै माध्यमबाट शक्ति गठन सम्भव बनेको छ, जुन सन्दर्भ मधेशका दलहरूका लागि पनि समान रूपमा लागू हुने उहाँले बताउनुभयो। पहिचान–केन्द्रित राजनीति अब पर्याप्त नबनेको उल्लेख गर्दै साहले पहिचानसँगै विकास–एजेन्डालाई जोड्नैपर्ने आवश्यकता मधेशमा तीव्र रूपमा बढेको उहाँले बिहारका मतदाताले विकास, शिक्षा, स्वास्थ्य र रोजगारीलाई मुख्य प्राथमिकतामा राखेको देखिँदा मधेशमा पनि समान मनोविज्ञान विकसित भइरहेको निष्कर्ष बताउनुभयो।

यही प्रवृत्ति नेपालको मधेशमा पनि देखिन थालेको उहाँले उल्लेख गर्दै मधेशमा विभिन्न जातजातिका मतदाताले परम्परागत समर्थन–रेखालाई भन्दा विकास, रोजगारी र सुशासनलाई प्राथमिकता दिन थालेपछि जात–केन्द्रित राजनीति सीमित हुन थालेको सङ्केत स्पष्ट रूपमा देखा परेको दाबी गर्नु भएको छ। साहका अनुसार बिहारमा जस्तै मधेशमा पनि मुस्लिम समुदायको राजनीतिक प्राथमिकता बदलिँदै गएको छ। भावनात्मक मुद्दाभन्दा सुरक्षा, शिक्षा, समान अवसर, अधिकार र आर्थिक प्रगतिलाई ध्यानमा राखेर राजनीतिक समर्थन निर्धारण गर्ने प्रवृत्ति तीव्र बन्दै गएको छ। नेपाल–मधेशका मुस्लिम समुदायले अब बढी जिम्मेवार, समावेशी र संस्थागत राजनीतिक एजेन्डा अपेक्षा गर्न थालेको साहले बताउनुभयो।

### गाउँ ब्लाक...

कार्यान्वयनका लागि मन्त्री परिषद् स्तरीय निर्णय समेत भइसकेकाले यसको कार्यान्वयनको मालपोत कार्यालय लहानका प्रमुख निरौलाले किन आलटाल गरिरहेको बुझ्न नसकेर दबाब दिन आन्दोलन गर्नु परेको लहान वडा नम्बर ५ का नेपाली कांगेसका नेता राम सुन्दर चौधरीले बताउनुभयो। यस समस्यालाई समाधान गर्नका लागि प्रशासनिक पहल गर्न सबै जानकारी लिइसकेको प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलले भन्दै मालपोत कार्यालय प्रमुख निरौलासँग छलफल गरेर चाँडै समस्या समाधान गरिने बताउनुभयो।

# नरहा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
नरहा, सिरहा
मधेश प्रदेश, नेपाल

**रासायनिक मल वितरण सम्बन्धमा**

मिति : २०८२/०८/०१

प्रस्तुत विषयमा मल लिन यस गाउँ पालिका अन्तर्गतका कृषकहरुले आ-आफ्नो नागरिकता र एकासगोल परिवार भित्र जति जनाको नाममा रहेको सम्पूर्ण कागजात, जग्गा धनी प्रमाण-पुर्जाको फोटोकपि यस गाउँपालिकामा मल वितरण गर्न डिलर सिप लिएका श्री तराई उपभोक्ता सहकारी संस्था लि. नरहा-५ (बलुवा) मा मल वितरण स्थानमा पेश गर्नु हुन सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। साथै पेश भएको प्रमाणको आधारमा मात्र मल उपल्बध गराईनेछ। हाल प्राप्त मल तपसिलका वडाहरुमा तल उल्लेख गरे बमोजिम वितरण गरिने व्यहोरा अनुरोध छ।

**तपसिलः**

१. वडा नं.५ को बर्छवा स्कुल जाने बाटो देखि दक्षीण नरहा र ललभितिया मात्र (२०८२।०८।०२ गते

२. वडा नं.५ को बर्छवा स्कुल जाने बाटो देखि उत्तरबरीया टोल नरहा र बलुवा मात्र (२०८२।०८।०३ गते)

**समयः १०:०० बजे देखि ०४:०० बजे सम्म ।**
**स्थानः मल वितरण गोदाम बलुवा ।**

**-प्रमुख प्रशासकीय अधिकृत**


# कांग्रेसभित्र अल्पमतमा पर्दै सात भाइ, शशांक पनि गच्छदारको लाइनमा



काठमाडौं, १ मंसिर। नेपाली कांग्रेसको भावी नेतृत्वमा दाबी गर्ने नेताहरू अहिले सभापति शेरबहादुर देउवालाई फकाउन व्यस्त छन्। संस्थापन समूहबाट सभापति शेरबहादुर देउवाले आफूहरूमध्येबाट भावी सभापति छान्नुपर्ने भन्दै नेताहरू विमलेन्द्र निधि, प्रकाशमान सिंह, कृष्णप्रसाद सिटौला, विजयकुमार गच्छदार, गोपालमान श्रेष्ठ, शशांक कोइराला, प्रकाशशरण महतले नयाँ गुटबन्दी गर्दै आएका छन्। उनीहरूमध्ये अधिकांश नेताहरू कांग्रेसको १५औँ महाधिवेशन २१ फागुनमा हुने प्रतिनिधिसभाको चुनावपछि मात्र गर्नुपर्ने पक्षमा छन्।

'महाधिवेशनको विषयमा विवाद गरेर होइन, एक भएर निर्णयमा पुग्नुपर्छ। विशेष महाधिवेशनमा जानु हुन्न। बरु, नियमित महाधिवेशन पुस मसान्तमा गर्न सकिन्छ,' गच्छदारले बैठकमा भनेका थिए। सहमति गरेर कार्यतालिका ल्याउन उनको आग्रह थियो। त्यस्तै, कांग्रेसका २५ जना संस्थापन समूहका केन्द्रीय सदस्यहरूले चुनाव गरेर मात्र महाधिवेशनमा जान र पार्टीलाई एकढिक्का राख्नुपर्ने भन्दै दबाब अभियान चलाएका छन्। उनीहरूले विशेषगरी पार्टीको १५ औँ महाधिवेशन मंसिर महिनाभित्रै नभए पुस मसान्तसम्म गर्नुपर्ने माग राखेका छन्।

माग गर्नेहरूमा केन्द्रीय सदस्यहरू राजेन्द्रकुमार केसी, भरतबहादुर शाह, अर्जुनप्रसाद जोशी, पुष्पा भुसाल, कर्णबहादुर बुढा, गणेश लामा, आङगेलु शेर्पा, डिला संग्रौला, उदय शमसेर राणा, नानु बास्तोला, धना खतिवडा, अब्दुल रज्जाक, देवेन्द्रराज कडेल, योगेन्द्र चौधरी, गोपाल दहित, बहादुर सिंह लामा, दिलमान पाखिन, अब्दुल सत्तार, मोहन आचार्य, अमृत अर्याल, जीप छिरिङ लामा, नारायणबहादुर कार्की, रामजनम चौधरी, चम्पादेवी खड्का छन्। उनीहरूले सामूहिक बैठक राख्दै आएका छन् भने पार्टी केन्द्रीय कार्यालयमा माग दर्ता पनि गराएका छन्। उनीहरूको मागमा सात भाइमध्येका शशांक पनि थपिएका छन्। 'आज हाम्रो बैठक भएको थियो। बैठकमा साथीहरूले डा शशांकको पनि समर्थन छ भन्नुभएको थियो,' केन्द्रीय सदस्य नानु बाँस्तोलाले शिलापत्रसँग भनिन्। सात पूर्वपदाधिकारीमध्ये चुनावअघि महाधिवेशन गर्न नहुने पक्षमा मुख्य गरी कृष्णप्रसाद सिटौला, विमलेन्द्र निधि, प्रकाशमान सिंह र प्रकाशशरण महत देखिएका छन्। गोपालमान श्रेष्ठ अस्वस्थ भएपछि भारतमा उपचाररत छन्।

## *असुरक्षा बढेको ...*

क्षतिका घटनाले निजी क्षेत्र समस्यामा छ। ऋण गरेर लगानी गर्ने, तर रोजगारी सिर्जना गर्ने निजी क्षेत्रमाथि आक्रमण गर्ने कामले देशको आर्थिक भविष्य नै जोखिममा पारेको छ", उनले भने। अध्यक्ष सारडाले बैङ्कको कडा कर्जा नीति, बजार चलायमान नहुनु र सीमापारि नेपाली ग्राहकको आकर्षण बढ्नु आन्तरिक बजारका लागि चुनौतीका रूपमा रहेको बताए।

संघका निवर्तमान अध्यक्ष अशोकलाल अमात्य, सुखीपुर उद्योग व्यापार समितिका अध्यक्ष सुरज, होटल तथा पर्यटन व्यवसायी संघ सिरहाका अध्यक्ष रामकुमार गुप्ताले आफ्ना गुनासा गरे। लहान नगरपालिका प्रमुख महेशप्रसाद चौधरीले व्यापारीमाथि परेको समस्या समाधान गर्न आफूहरूले गर्नुपर्ने सहजीकरणका लागि तयार रहेको बताए। सबै पक्ष मिलेर सामूहिक भावनासहित अघि बढे मात्र समस्याको दीर्घकालीन समाधान सम्भव हुने उनको भनाइ थियो।

प्रमुख जिल्ला अधिकारी पौडेलले अर्थतन्त्र सुदृढीकरणमा निजी क्षेत्रको भूमिका महत्त्वपूर्ण भएको बताउँदै सुरक्षित र स्थिर वातावरण निर्माण गर्न प्रशासन प्रतिबद्ध रहेको बताए। उनले शान्तिसुरक्षा राज्य मात्र नभई नागरिक समाज र समुदायको समेत जिम्मेवारी भएकाले सहकार्यको माध्यमबाट समस्या समाधान गर्न लाग्नुपर्ने धारणा राखे।

प्रजिअ पौडेलले राजमार्ग क्षेत्रमा रात्रिकालीन होटल व्यवसाय २४ घण्टा सञ्चालन गर्न अनुमति दिइने, अन्य व्यवसाय राति ९:०० बजेसम्म सञ्चालन गर्न सकिने तथा ब्लकको जग्गा फुकुवासम्बन्धी प्रक्रिया द्रुत गतिमा अघि बढाइएको जानकारी दिए। खुला सीमाबाट लुकीछिपी सामान भित्र्याई व्यवसाय नगर्न पनि उनले व्यवसायीलाई आग्रह गरे।

# शेख हसिनालाई मृत्युदण्डको फैसला



बंगलादेशकी निर्वासित पूर्वप्रधानमन्त्री शेख हसिनालाई मृत्युदण्डको सजाय सुनाइएको छ। हसिनाको मुद्दा हेर्न बनाइएको विशेष न्यायाधीकरणले सोमबार मानवता विरूद्धको अपराध कसुरमा दोषी ठहर गर्दै मृत्युदण्डको सजाय सुनाएको अन्तर्राष्ट्रिय सञ्चार माध्यम 'बिबिसी' ले जनाएको छ। गत वर्ष जुलाई-अगस्टमा भएको विद्यार्थी विद्रोह क्रममा भएका व्यापक हिंसात्मक घटनामा हसिनाको संलग्नता रहेको ठहर गर्दै न्यायाधीकरणले यस्तो फैसला सुनाएको हो। भारतमा निर्वासनमा रहेकी हसिनाको अनुपस्थितिमै यो मुद्दा चलाइएको थियो। ४५३ पृष्ठको फैसलालाई न्यायाधीश मोहम्मद गुलाम मुर्तजा मजुमदारले ६ भागमा विभाजन गरी अदालतमा वाचन गरेका थिए। यो फैसला बंगलादेश टेलिभिजनले प्रत्यक्ष प्रसारण गरेको थियो।

**पाँच आरोप, तीन अभियुक्त, गिरफ्तारी वारन्ट**

अभियोजन पक्षले गत जुनमा शेख हसिनासहित तीन जनाविरुद्ध पाँचवटा औपचारिक आरोप दर्ता गरेको थियो। ती आरोपका आधारमा हसिना र पूर्वगृहमन्त्री असदुज्जमान खान कमालविरुद्ध गिरफ्तारी वारन्ट समेत जारी गरिएको थियो। विद्रोहका दिनहरूमा देशभरि भएका विस्तृत हिंसात्मक घटनामा हसिनाको भूमिका रहेको अभियोजन पक्षको दाबी छ। गत वर्ष जुलाई-अगस्टको आन्दोलनमा १,४०० जनाको हत्या र २५ हजारजति घाइते भएको दाबी अभियोजक ताजुल इस्लामले न्यायाधीकरणमा पेस गरेका थिए। मृतकहरूको सूचीसमेत अदालतमा बुझाइएको थियो। अभियोजन पक्षले तीनै अभियुक्तविरुद्ध ७४७ पृष्ठको प्रमाण-दस्तावेज पेस गरेको थियो। हत्या, हत्या प्रयास, षड्यन्त्र, हिंसा दुरूत्साहक र सञ्चालनमा भूमिका जस्ता पाँच मुख्य अपराधमा उनीहरूलाई दोषी बनाइएको छ।

**'रजाकार' टिप्पणी मुख्य आधार**

अभियोजन पक्षका अनुसार १४ जुलाईमा प्रधानमन्त्री रहेका बेला हसिनाले पत्रकार सम्मेलनमा विद्यार्थीहरूलाई 'रजाकारका छोरा-नाति' भन्दै गरेको टिप्पणीले विद्रोहलाई थप हिंसात्मक बनाएको थियो। बंगलादेशमा 'रजाकार' शब्द १९७१ को मुक्तियुद्धमा पाकिस्तानी सेनाको पक्षमा लागेको समूहका सदस्यहरूप्रति प्रयोग हुने अपमानजनक शब्द हो।

अभियोजन पक्षले दाबी गरेको छ, सरकारका शीर्ष अधिकारीहरूको उक्साहट र निर्देशनमा, सुरक्षा निकाय र सत्तारूढ अवामी लीगका समूहहरूले निहत्था विद्यार्थी तथा सर्वसाधारणमाथि संगठित आक्रमण गरेका थिए।

# फ्लडलाइटको पहिलो खेलमा काठमान्डुको तेजिलो जित



काठमाडौं, १ मंसिर। बलिङसँगै ब्याटिङमा पनि उत्कृष्ट प्रदर्शन गरेपछि काठमान्डु गोर्खाजले नेपाल प्रिमियर लिग ( एनपीएल) सिजन २ को पहिलो खेलमा सोमबार डिफेन्डिङ च्याम्पियन जनकपुरलाई ५ विकेटले पराजित गरेको छ। ओपनरद्वय बेन चार्ल्सवर्थ र आकाश त्रिपाठीको उत्कृष्ट ब्याटिङपछि काठमान्डुले त्रिवि क्रिकेट अन्तर्राष्ट्रिय रंगशालाको पहिलो पटक फ्लड लाइटमा खेलाइएको खेलमा १ सय ३१ रनको लक्ष्य दुई ओभर अगाडि नै पूरा गर्‍यो।

इंग्लिस खेलाडी चार्ल्सवर्थले २३ बलमा ४६ रन बनाउँदै आकाशसँग पहिलो विकेटमा ८ ओभरमा ७० रन जोडी काठमान्डुलाई उत्कृष्ट सुरुआत दिलाएका थिए। चार्ल्सवर्थले ५ चौका र ३ छक्का प्रहार गरे। गत सिजन जनकपुरले उपाधि जित्दाका सदस्य आकाशले ४५ बल खेली ५ चौकासहित ३९ रन बनाए। चार्ल्सवर्थलाई यान निकोल लफ्टी इटनले आफ्नै बलिङमा सानदार क्याच गरे। भीम सार्की ७ बल खेली ३ रनमै आउट भए पनि आकाशले संयमित खेल्दै काठमान्डुको इनिङ्स अगाडि बढाएका थिए। आकाशलाई सञ्जय कृष्णमुर्थीले बोल्ड गरे।

मिलिन्द कुमारले २२ बल खेली १ छक्कासहित १९ र जोहन सिम्पसनले ६ बल खेली समान १ चौका र छक्कासहित १३ रन बनाए। जेहर्राड इरसमस १ र मोहम्मद आदिल अन्सारी ४ बलमा १ छक्का प्रहार गरी ८ रन बनाई अविजित रहे। यसअघि आसिफ शेखले अर्धशतक बनाए पनि काठमान्डुले जनकपुरलाई १ सय ३० रनको स्कोरमा रोकेको थियो। काठमान्डुले टस जितेपछि ब्याटिङमा आएको जनकपुरले निर्धारित २० ओभरमा ६ विकेट गुमाई १ सय ३० रन मात्र बनाउन सकेको थियो।

पहिलो २ ओभरमा विना क्षति २६ रन बनाएको जनकपुर १० ओभरमा ५६-४ को स्थितिमा पुगेको थियो। अमेरिकी अलराउन्डर मिलिन्दले पाँचौं ओभरमा लाहिरु मिलान्थालाई विकेटको पछाडि क्याच र कप्तान अनिल साहलाई आउट गराई काठमान्डुलाई उत्कृष्ट पुनरागमन गराएका थिए। लाहिरुले १२ बलमा ७ रन बनाए भने अनिलले खाता खोल्न सकेनन्। मिलिन्दले आफ्नो अर्को ओभरमा लफ्टी इटनलाई २ रनमा बोल्ड गरी जनकपुरलाई उच्च दबाबमा राखेका थिए। अमेरिकी ब्याट कृष्णमुर्थीलाई सन्तोष यादवले २ रनमा बोल्ड गरेपछि पहिलो १०

**-बाँकी तीन पेजमा**

## गोलबजार नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
गोलबजार, सिरहा
मधेश प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रथम पटक प्रकाशित सूचना २०८२/०८/०१**

यस नगरपालिकाद्वारा मिति २०८२/०६/२९ गतेको राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित दरभाउपत्र आव्हानको सूचना अनुसार E-Bid मार्फत् दर्ता हुन आएका बोलपत्रहरु मध्ये तल उल्लेखित बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि मूल्यांकन समितिबाट छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७को उपदफा (२) र (३) बमोजिम स्वीकृति गर्ने आशयको सूचना सम्बन्धीत सबै बोलपत्रदाताहरुको जानकारीको लागि सूचना प्रकाशित गरिएको छ।

| क्र.सं. | सूचना प्रकाशित मिति | योजनाको नाम, ठेक्का नं. | छनौट भएको बोलपत्रदाताको नाम, ठेगाना | कबोल अंक (P.S. र मू.अ.बाहेक) |
|---|---|---|---|---|
| १. | २०८२/०६/२९ | Procurement and supply of medicine and surgical items, GolMun/Goods/SQ-01/082/083 | FIGO MEDICINE SUPPLIERS CHHETRAPATI, KATMANDU | **23,62,129.25 NPR,** |

**प्रमुख प्रशासकीय अधिकृत**


# दाईजो विवादपछि संकटमा संजिता–सन्देशको सम्बन्ध



**विनय कर्ण**

सप्तरी, १ मंसिर। करिब तीन वर्ष अघि कञ्चनरुप नगरपालिका वडा नम्बर ७ धरमपुरकी संजिता साह र रुपनी गाउँपालिका ३ मकरी टोलका इन्जिनियर सन्देश साहको फेसबुकमा भेट भयो। फेसबुककै माध्यमबाट सुरु भएको दुबैबिको प्रेम सम्बन्ध अन्ततः कानुनी रुपले विवाहको रुपमा परिणत हुन पुग्यो। पेसाले विद्यालय नर्स रहेकी संजिता र इन्जिनियर सन्देश २०८१ जेठ ९ गते पर्सा जिल्ला अदालतमा गएर कानुनी रुपमा विवाह गर्नुभयो। तर विवाह गरेको १३ महिनामै दुबैजना बिचको वैवाहिक सम्बन्ध बिग्रिएर अदालतसम्म पुग्यो।

आफ्नो घरपरिवारलाई जानकारी नगराएरै अदालतमा विवाह गर्नु भएका उहाँहरुको सम्बन्ध बिग्रिदा अभिभावक पनि विवादमा तानिनु भएको छ भने दुबैले एक अर्काबाट पीडित भएको दाबी गर्दै न्यायका लागि अदालत पुगेका हुन्। संजितासँग अलग हुनपाउँ भनी २०८२ असार ३ मा सन्देशले पर्सा जिल्ला अदालतमा अंश मुद्दा दायर गर्नुभएको छ भने सन्देशसँगै उहाँकै घरमा बस्छु भनेर संजिताले पनि घरेलुहिंसाको मुद्दा सप्तरी जिल्ला अदालतमा दायर गर्नुभयो।

अदालतले २०८१ असार २३ गते संजितालाई घरमा बस्न, खान दिनु, कुटपिट नगर्नु र शिष्ट र सभ्य व्यवहार गर्नभन्दै पति सन्देश, ससुरा शिक्षक धर्मदेव साह र सासु किरणको नाममा अन्तरिम संरक्षणात्मक आदेश जारी गऱ्यो। अदालतको आदेशपछि पनि घरमा बस्न नदिएको, घर गएको बेला परिवारजनबाट कुटपिट समेत भएको संजिताले बताउनुभयो। उहाँले यहाँका समाजका मानिहरुले साथ दिएपछि ससुराको घरमा प्रवेश गरेको, तर मेरो पतिलाई म बाट टाढा राखि सम्बन्धविच्छेद गराउन ससुरा धर्मदेवसहितका परिवारजन लागिपरेको अरोप समेत लगाउनुभयो।

"अदालतमा विवाह भइसकेपछि एकवर्ष घरपरिवारबिच विवाहको कुरा चल्यो, दुबैतर्फबाट केटाकेटी हेर्ने काम पनि भयो, तर त्यसपछि ससुराबुवाले १० तोला सुन, १५ लाख रुपियाँ र चारचक्का गाडी दाईजो मागेपछि सम्बन्ध बिग्रिएको हो" संजिताले भन्नुभयो। संजिताका ससुरा धर्मदेव साहले आफुले कुनै किसिमको दाईजो नमागेको बताउनुभयो। घरपरिवारलाई थाहै नदिई अदालतमा दुबैजनाले विवाह गरेको र पछि आएर के कारण उहाँहरुको सम्बन्ध बिग्रिएकोबारे आफुलाई थाहा नभएको जानकारी दिनुभयो। "दाईजो मागेको कुरा गलत हो, घरपरिवारलाई छलेर दुबैजना विवाह गरे अनि अहिले आएर हामीलाई बदनाम गरिदैछ" साहले भन्नुभयो, "छोराले बुहारीलाई राख्न चाहेमा आफुलाई कुनै आपत्ती छैन।"सासु किरण साहले छोराले नै बुहारीलाई राख्न नचाहेको अवस्थामा आफुले घरमा कसरी राख्ने बताउनुभयो। संजिताका पति सन्देशले आफू कानुन अनुसार नै अघि बढ्ने प्रतिक्रिया दिनुभएको छ।

## फ्लडलाइटको ...

ओभरको खेलमा काठमान्डु हावी भएको थियो।

मार्की खेलाडी आसिफले ४१ बलमा ५४ रन बनाए। उनले ६ चौका र १ छक्का प्रहार गरे। साहब आलमले आसिफलाई विकेटकिपर सिम्पसनबाट क्याच गराए। लाहिरु समराकुन २१ बलमा २२ रन बनाई आउट भए। अन्तिम ओभरको पाँचौं बलमा करणबाट आउट भएका उनले २ छक्का प्रहार गरेका थिए। अन्तिम बलको सामना गरेका रुपेश सिंहले चौका प्रहार गरे। मायन यादव ३४ रनमा अविजित रहे। उनले २९ बल खेल्दै २ चौका र १ छक्का प्रहार गरे। काठमान्डुका मिलिन्दले ४ ओभरमा १५ रन मात्र खर्चेर ३ विकेट लिएका हुन्। १४ ओभरमा ७९ रन रहेको जनकपुरले अन्तिम ६ ओभरमा ५१ रन जोडेको थियो।

# आन्दोलित उखु किसानसँग चार बुँदे सहमति



जनार्जन खत्री

सर्लाही, १ मंसिर। सर्लाहीको धनकौलस्थित अन्नपूर्ण चिनी उद्योगमा बेचेको उखुको पैसा माग्दै धर्नामा बसेका उखु किसान र उद्योगीबिच विभिन्न चार बुँदे सहमति भएको छ। आइतबार साँझ सदरमुकाम मलंगवास्थित जिल्ला प्रशासन कार्यालय सर्लाहीमा भएको छलफलमा यस आर्थिक वर्षमा उखुको क्रसिङ गर्दा हुने प्रदूषण नियन्त्रण गर्न उपाय अपनाउने, गत वर्ष मिलले चिनीको मूल्य निर्धारण भएपछि बाँकी रहेको पैसा किसानलाई दिने, यसअघिका उद्योगपति राकेशकुमार अग्रवालले दिन बाँकी उखु किसानको भुक्तानी एक महिनाभित्र गर्ने र उखु मिललाई सञ्चालनका लागि सबै मिलेर सहज वातावरण बनाउने सहमति भएको हो। प्रमुख जिल्ला अधिकारी रामुराज कडरियाको अध्यक्षतामा छलफल गरेर सहमति गरिएको हो।

छलफलमा उद्योगपति शैलेन्द्र गुप्तासमेत सहभागी हुनुभएको थियो। सहमतिसँगै आफूहरु उखुको बक्यौता रकम पाउने आशमा रहेको र तत्काल अब धर्नासहितका आन्दोलनको कार्यक्रम नगर्ने अगुवा उखु किसान रामआधार रायले जानकारी दिनुभयो।


### स्क्रब टाइफस (Scrub Typhus)



स्कब टाइफस एक किसिमको सरुवा रोग हो।
यो रोग लाग्ने किर्ना जस्तो देखिने किरा (माइट) को टोकाइबाट मानिसमा सर्दछ। यो रोग माइटमा पाइने ओरेन्सिया सुसुगामुसी (Orentia Tutsugamushi) भन्ने जिवाणुबाट लाग्दछ।
माइट प्राय : जसो झाडी, खेतबारी, वनजंगल, घर वरिपरिको झाडी वा घुरान हुने ठाँउमा देखिने गर्दछ।

**स्कब टाइफस कसरी सर्छ ?**

मुसामा लाग्ने किर्ना जस्तो देखिने किरा (माइट)को टोकाइबाट मानिसमा सर्दछ।
यो रोग मानिसबाट मानिसमा सर्दैन।

**स्कब टाइफसका लक्षणहरु**



- धेरै ज्वरो आउनु (काम ज्वरो समेत आउन सक्छ)
- धेरै टाउको दुख्नु
- पसिना धेरै आउनु
- आँखा रातो हुनु
- झाडापखाला लाग्नु
- किराले (माईट) टोकेको ठाउँमा रातो डाबर जस्तो दाग देखिनु र पछि गएर कालो दाग बस्नु

**स्कब टाइफसबाट बच्ने उपायहरु के-के हुन् ?**

- खेतबारीमा काम गर्दा वनजंगल /झाडीमा जाँदा वा घाँस काट्न जाँदा पुरा शरीर ढाकिने कपडा लगाउने साथै सम्भव भुइं सम्म बुट लगाउने
- घाँसवारी वा चउरमा बस्दा गुन्द्री वा दरी ओछ्याएर बस्ने
- सम्भव भएसम्म भुईंमा नबस्ने। खाटमा वा अग्लो स्थानमा सुत्ने/बस्ने
- सकेसम्म घाँसवारी र चउरमा नबस्ने
- चउरमा,वारी ,झाडी,घाँस तथा धुरान बढ्न नदिने
- मुसा नियन्त्रणको लागि उपयुक्त किसिमले अन्न भण्डार गर्ने तथा मुसाको बृद्धि विकास नहुने वातावरणको सृजना गर्ने।

**स्क्रब टाइफस लागेको शंका लागेमा उपचारको लागि तुरुन्त नजिकको स्वास्थ्य संस्थामा लैजानु पर्छ। औषधी सेवनपछि यो रोग निको हुन्छ।**

**लहान नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
लहान, सिरहा
मधेश प्रदेश, नेपाल




**औरही गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय
औरही, सिरहा
मधेश प्रदेश, नेपाल




**सिरहा नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
सिरहा
मधेश प्रदेश, नेपाल


मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)